# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, जेठ २० गते, २०७६ साल (अतिरिक्ताङ्क २४

## भाग २

### प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७६

प्रदेश नं. ५ का सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "**अभिलेखालय**" भन्नाले प्रचलित कानून बमोजिमको प्रदेश अभिलेखालय सम्झनु पर्छ ।

(ख) "**ऐन**" भन्नाले प्रदेश नं. ५ का सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) "**प्रमुख सचिव**" भन्नाले प्रदेश सरकारका प्रमुख सचिव सम्झनु पर्छ।

**३.** **संविधान तथा प्रचलित कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण** : (१) संविधान तथा प्रचलित कानून बमोजिम नियुक्त हुने देहायका पदको नियुक्तिको प्रमाणीकरण प्रमुख सचिवले गर्नेछ :—

(क) अध्यक्ष, प्रदेश लोकसेवा आयोग,

(ख) मुख्य न्यायाधिवक्ता,

(ग) सदस्य, प्रदेश लोकसेवा आयोग,

(घ) सचिव, प्रदेश सभा,

(२) उपनियम (१) बमोजिम भएको प्रमाणीकरणको आधारमा प्रमुख सचिव आफैंले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम भएको प्रमाणीकरणको प्रति प्रमुख सचिवले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राखी सोको प्रमाणित प्रतिलिपि सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

४. **कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण** : (१) ऐनमा लेखिएदेखि बाहेक प्रचलित कानून बमोजिम प्रदेश सरकार, मन्त्रिपरिषद्बाट हुने नियुक्तिको प्रमाणीकरण प्रमुख सचिवबाट हुनेछ ।

(२) उपनियम (१) बमोजिम भएको प्रमाणीकरणको आधारमा प्रदेश सरकारको विभिन्न सेवाको राजपत्रांकित बाह्रौ तह वा सो सरह वा सोभन्दा माथिको पदको नियुक्ति भए प्रमुख सचिव आफैंले वा निजले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले सम्बन्धित व्यक्तिलाई नियुक्ति पत्र दिनेछ ।

(३) उपनियम (२) मा लेखिएदेखि बाहेक अन्य पदको नियुक्ति भए प्रमुख सचिवले उपनियम (१) बमोजिम भएको प्रमाणीकरणको प्रतिलिपि सम्बन्धित मन्त्रालयमा पठाउने छ र त्यस्तो मन्त्रालयको सचिवले सम्बन्धित व्यक्तिलाई नियुक्ति पत्र दिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मन्त्रालयअन्तर्गत रहेका वा सोसँग सम्बन्धित संगठित संस्थाका पदाधिकारीको नियुक्ति भए उपनियम (३) बमोजिमको कार्यविधि पूरा गरी सम्बन्धित मन्त्रालयको सचिवले सम्बन्धित व्यक्तिलाई नियुक्तिपत्र दिनेछ।

५. **<u>अन्य सार्वजनिक लिखतको प्रमाणीकरण</u>** : (१) ऐन वा यस नियमावलीमा लेखिएदेखि वाहेक प्रदेश सरकारबाट भएका निर्णय वा जारी भएका आदेश वा अधिकारपत्रमध्ये मन्त्रिपरिषद्बाट भएका वा जारी भएका निर्णय आदेश वा अधिकारपत्र भए प्रमुख सचिवबाट र मन्त्रालयबाट भएका वा जारी भएका निर्णय, आदेश वा अधिकारपत्र भए सम्बन्धित मन्त्रालयको सचिवबाट र सो बाहेक अन्य किसिमका लिखत, आदेश वा कामकारबाही वा निर्णयको प्रमाणीकरण प्रदेश सरकारको निर्णय बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास सार्वजनिक लिखत प्रमाणीकरणका लागि प्रचलित कानून बमोजिम कुनै खास अधिकारी तोकिएको रहेछ भने त्यस्तो सार्वजनिक लिखत त्यस्तो अधिकारीबाट प्रमाणीकरण हुनु पर्नेछ ।

६. **<u>संविधान अन्तर्गत जारी हुने आदेशको प्रमाणीकरण</u>** : ऐन वा यस नियमावलीमा उल्लेख भएदेखि बाहेक प्रचलित संविधान बमोजिम जारी हुने आदेशको प्रमाणित गर्ने अधिकारीका सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा प्रमुख सचिव वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवबाट प्रमाणीकरण हुनेछ ।

७. **<u>प्रदेश राजपत्रमा प्रकाशन गर्ने</u>** : (१) ऐन वा यस नियमावली बमोजिम प्रमाणीकरण भएका सार्वजनिक लिखितहरुमध्ये ऐनको दफा १० मा लेखिएदेखि बाहेकका लिखतहरु सर्वसाधारणको जानकारीका लागि नेपाल राजपत्रको भाग ३ मा प्रकाशन गर्नुपर्नेछ ।

(२) प्रदेश राजपत्र प्रकाशनसम्बन्धी अन्य व्यवस्था प्रदेश मन्त्रिपरिषद्ले बनाएको कार्यविधि बमोजिम हुनेछ ।

८. **अभिलेखालयमा पठाउनु पर्ने** : ऐन वा यस नियमावली बमोजिम प्रमाणीकरण भएका देहायका सार्वजनिक लिखतका प्रामाणिक प्रतिहरु देहायको अवधि पूरा भएपछि सम्बन्धित निकाय वा मन्त्रालयले अभिलेख सुरक्षित राख्नका लागि अभिलेखालयमा पठाउनु पर्नेछ :-

(क) ऐन भए पच्चीस वर्ष,

(ख) नियम, आदेश भए दश वर्ष,

(ग) प्रदेश सरकारले अभिलेखालयमा सुरक्षित राख्नका लागि पठाउनु पर्ने भनी निर्णय गरेको अन्य लिखत भए पाँच वर्ष ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएका सार्वजनिक लिखतहरुमध्ये अभिलेखालयले ऐनको प्रामाणिक प्रतिको माइक्रोफिल्म तयार गरी त्यस्तो प्रति र माइक्रोफिल्म सुरक्षित साथ राख्नु पर्नेछ ।

९. **खारेजी र बचाऊ** : (१) प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ खारेज गरिएको छ ।

(२) प्रदेश नं. ५ का सार्वजनिक **लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५** प्रारम्भ हुनु अघि उपदफा (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारवाहीमा कुनै प्रतिकूल असर पर्नेछैन ।

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय